**म.प.बै.सं. १०/०८३**

## संवत् २०८३ साल जेठ ५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अर्थ मन्त्रालयः स्वीट्जरल्याण्ड सरकारको सहयोगमा नगरपालिका राजस्व अभिवृद्धि परियोजनाको लागि प्राप्त हुने ६.११६ मिलियन स्वीस फ्र्याङ्क (करिब ७.८३ मिलियन अमेरिकी डलर) अनुदान सहायता स्वीकार गर्ने।

२. अर्थ मन्त्रालयः चीन सरकारबाट अरनिको राजमार्ग मर्मत सुधारका लागि प्राप्त हुने ७९.३६ मिलियन आरएमबी अनुदान सहायता स्वीकार गर्ने।

३. अर्थ मन्त्रालयः अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री भूपाल बराललाई कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको अध्यक्ष नियुक्त गर्ने।

४. कृषि, वन तथा पर्यावरण मन्त्रालयः राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमलाई आ.व.२०८३/८४ मा निरन्तरता दिने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः कम्पनी कानूनसम्बन्धी नयाँ विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गर्ने।

६. गृह मन्त्रालयः २०८३ असार २३ र २४ मा संयुक्त राष्ट्रसंघ मुख्यालय, न्यूयोर्कमा आयोजना हुने Fifth United Nations Chiefs of Police Summit (UNCOPS) मा प्रहरी महानिरीक्षक श्री दान बहादुर कार्की र सशस्त्र प्रहरी महानिरीक्षक श्री नारायण दत्त पौडेललाई सहभागी हुन स्वीकृति दिने।

७. पूर्वाधार विकास मन्त्रालयः लमही-घोराही-तुल्सीपुर सडक आयोजनालाई दाङ जिल्ला, घोराही उपमहानगरपालिका, वडा नं. ११ को करिब ३५४.४९३ वर्गमिटर जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।

८. पूर्वाधार विकास मन्त्रालयः

(क) जोखिमयुक्त बस्ती हटाउने क्रममा विस्थापित भई दशरथ रङ्गशालामा दर्ता हुन आएका व्यक्तिहरूको विवरण रुजु गरी प्रति परिवार पुनर्स्थापना खर्च बापत रु २५०००।- एकमुष्ट रूपमा प्रदान गर्न स्वीकृति दिने।

(ख) मिति २०८३।०१।१२ देखि २०८३।०१।२० सम्मको अवधिमा जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबासको व्यवस्था आफैं गर्न प्रोत्साहित गर्न पाँच सदस्य भएको प्रति परिवार राहत रकम रु. १५०००।- प्रति महिनाका र सोभन्दा बढी सदस्यका लागि प्रति सदस्य थप रु. २०००।- प्रति महिनाका दरले हाललाई तीन महिनाका लागि बसोबास व्यवस्थापन खर्च स्वरूप प्रदान गर्न स्वीकृति दिने।

(ग) बृद्ध, अशक्त, असहाय तथा आफ्नो व्यवस्थापन गर्न नसक्ने व्यक्ति तथा परिवारलाई तोकिएको होल्डिङ सेन्टरहरूमा राख्ने। सोको व्यवस्थापन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत गर्ने।

(घ) बालबालिका तथा विद्यार्थीको पठनपाठन तथा विद्यालयको सुनिश्चितता शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले र स्वास्थ्य सेवा सुविधाहरूको सुनिश्चितता सम्बन्धित स्थानीय तहसँग समन्वय तथा सहकार्यमा गर्न व्यवस्था मिलाउने।

९. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल सरकारको नाममा दर्ता रहेको धनुषा जिल्ला साविक ढल्केबर गा.वि.स. वडा नं. २ को ४-०-३-० बिगाह जग्गा क्रिटिकल केयर तथा ट्रमा सेन्टरसहितको अस्पताल भवन निर्माण गर्न तथा नेपाल सरकारको नाममा रहेको सोही गा.वि.स. वडा नं. ४ को जम्मा १-७-८ बिगाहा जग्गा प्रशासकीय भवन निर्माणका लागि मिथिला नगरपालिका, ढल्केबरलाई उपयोग गर्न स्वीकृति दिने।

१०. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामती कर्मचारी कल्याणकारी कोष (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

११. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामती कर्मचारी योगदान कोष (सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

१२. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ९७७ पुल दरबन्दीसहितको संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१३. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः भूमि सम्बन्धी (एक्काइसौं संशोधन) नियमहरू, २०८३ स्वीकृत गर्ने।

१४. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयः बालबालिका सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

१५. युवा, श्रम तथा रोजगार मन्त्रालयः स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ११४औं र Governing Body को ३५७औं सेसनमा २०८३ जेठ २४ देखि ३० गतेसम्म श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, माननीय रामजी यादवलाई प्रतिनिधिमण्डलको नेतृत्व गरी सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः बौद्धनाथ क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३; हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३; देवघाट क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३; पाटन संग्रहालय विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०८३; नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३; तारागाउँ विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ र बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने।

१७. सूचना तथा सञ्चार मन्त्रालयः आर्टिफिसियल इन्टेलिजेन्स विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

१८. सूचना तथा सञ्चार मन्त्रालयः सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ खारेज गर्ने।

१९. सूचना तथा सञ्चार मन्त्रालयः नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गर्ने।

२०. अर्थ मन्त्रालयः नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

२१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः प्रत्यायन नियमावली, २०८३ स्वीकृत गर्ने।

२२. रक्षा मन्त्रालयः सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

२३. मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने।

२४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को कार्यान्वयनका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मार्गदर्शक सिद्धान्त स्वीकृत गर्ने।

२५. गणतन्त्र दिवस, २०८३ को अवसरमा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा आयोजना हुने मूल समारोहलाई संवत् २०८३ साल जेठ १५ गते शुक्रबारका दिन बिहान १०:१५ बजे सम्बोधन हुन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

**म.प.बै.सं. ११/०८३**

**संवत् २०८३ साल जेठ ११ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः नेपाल र संयुक्त अरब इमिरेट्सबिच द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोध सम्झौताको लागि वार्ता गर्न आन्तरिक राजस्व विभागका महानिर्देशकको संयोजकत्वमा छ सदस्यीय वार्ता टोली गठन गर्ने।

२. अर्थ मन्त्रालयः निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको सिफारिस गर्न अर्थ मन्त्रालयका सचिवको संयोजकत्वमा तीन सदस्यीय छनोट समिति गठन गर्ने र उक्त पदमा नियुक्ति नभएसम्मको लागि बढीमा ६ महिनाको लागि अर्थ मन्त्रालयका उपसचिव (लेखा) श्री डिलाराम गिरीलाई प्रमुख कार्यकारी अधिकृतको पदमा कामकाज गर्न तोक्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

३. अर्थ मन्त्रालयः नेपाल-चीन जोड्ने विद्युत प्रसारणलाइन आयोजना (चिलिमे-केरूङ) को कार्यान्वयनको प्रतिउत्तरपत्र (Letter of Reply) स्वीकृत गर्ने।

४. अर्थ मन्त्रालयः आर्थिक वर्ष २०८३/८४ मा संघीय विशेष अनुदान र समपूरक अनुदानबाट प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम एवं विनियोजन सिफारिससम्बन्धी विवरण स्वीकृत गर्ने।

५. अर्थ मन्त्रालयः भुक्तानी तथा फस्यौंट ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः सर्वोच्च अदालतको उत्प्रेषण परमादेशबमोजिम सहसचिव श्री सुशील चन्द्र आचार्यको ज्येष्ठता मिति कायम गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरण सोलुखुम्बु वितरण केन्द्रको भवन निर्माण गर्न सोलुदुधकुण्ड नगरपालिका वडा नं. ४, ५ र ६ मध्ये कुनै एक स्थानमा करिब पाँच रोपनी निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहको पदमा श्री नुतन झा, रौतहटलाई नियुक्ति गर्ने।

९. कृषि, वन तथा पर्यावरण मन्त्रालयः आर्थिक वर्ष २०८३।८४ को लागि वर्षे धान बालीको न्यूनतम समर्थन मूल्य मोटा धानको रू. ३६६०/- प्रति क्वीन्टल र मध्यम धानको रू. ३८६०/- प्रति क्वीन्टल निर्धारण गर्ने।

१०. कृषि, वन तथा पर्यावरण मन्त्रालयः तेस्रो राष्ट्रिय निर्धारित योगदान-कार्यान्वयन कार्ययोजना (Third Nationally Determined Contribution (NDC-3)-Implementation Action Planz) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

११. कृषि, वन तथा पर्यावरण मन्त्रालयः जुरिम्बा खोला साना जलविद्युत आयोजना निर्माणको लागि सिन्धुपाल्चोक जिल्लामा रहेको गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गतको राष्ट्रिय वनको २.६२५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१२. कृषि, वन तथा पर्यावरण मन्त्रालयः रेलेखोला जलविद्युत आयोजनाले प्रयोग गर्ने म्याग्दी जिल्लाको अन्नपूर्ण संरक्षण क्षेत्रको ३.०७ हेक्टर राष्ट्रिय वनको जग्गाको सट्टाभर्ना गर्ने समयावधि तीन महिना थप गर्न स्वीकृति दिने।

१३. कृषि, वन तथा पर्यावरण मन्त्रालयः सानी भेरी जलविद्युत आयोजना निर्माणको लागि रुकुम पूर्व जिल्लामा रहेको राष्ट्रिय वनको ५.१८७ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१४. पूर्वाधार विकास मन्त्रालयः नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव (प्रा.) श्री उज्वल प्रजापतिले दिनुभएको राजीनामा स्वीकृत गर्ने।

१५. पूर्वाधार विकास मन्त्रालयः राष्ट्रिय यातायात नीति, २०८३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

१६. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका उनन्तिस जना सहसचिवहरूको सरुवा गर्ने तथा कामकाज गर्न खटाउने।

१७. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहकारीमा भएको बेथितिसम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

१८. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड, २०८३ स्वीकृत गर्ने।

१९. रक्षा मन्त्रालयः राष्ट्रिय सेवा दलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

२०. शिक्षा तथा खेलकुद मन्त्रालयः नेपाल सरकार र इजिप्ट सरकारबिच हस्ताक्षर हुने युवा तथा खेलकुदसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक पदमा सहसचिव श्री मुकेश डंगोललाई नियुक्ति गर्ने।

**म.प.बै.सं. १२/०८३**

**संवत् २०८३ साल जेठ १५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः आर्थिक वर्ष २०८३/८४ को लागि विनियोजन विधेयक र राष्ट्र ऋण उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. अर्थ मन्त्रालयः मदिरा (पाचौं संशोधन) नियमहरू, २०८३, मूल्य अभिवृद्धि कर (अट्ठाइसौं संशोधन) नियमावली, २०८३, अन्तःशुल्क (अट्ठाइसौं संशोधन) नियमावली, २०८३, आयकर (सत्रौं संशोधन) नियमावली, २०८३, भन्सार महसुल (दोस्रो संशोधन) नियमावली, २०८३ र भन्सार (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालयः नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यसहितको राजस्व र व्ययको अनुमान संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

४. अर्थ मन्त्रालयः आर्थिक वर्ष २०८३/८४ को लागि अर्थसम्बन्धी विधेयक संघीय संसदसमक्ष पेश गर्न र सूचित आदेश र सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिने।

**म.प.बै.सं. १३/०८३**

**संवत् २०८३ साल जेठ १९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः एसियाली विकास बैंकबाट बजेटरी सहायताको रूपमा प्राप्त हुने पचास मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता टोली गठन गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः United Nations Environment Programme (UNEP) बाट राष्ट्रिय ओजोन इकाईलाई Montreal Protocol को कार्यान्वयन निरन्तरताका लागि प्राप्त हुने २,२९,००० USD बराबरको अनुदान सहायता स्वीकार गर्ने।

३. कृषि, वन तथा पर्यावरण मन्त्रालयः मेवा देखि चाँगे (ढुंगेसाघु) १३२ के.भि. विद्युत प्रसारणलाइन आयोजना निर्माणका लागि ताप्लेजुङ जिल्लामा रहेको ४.५०९२ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

४. कृषि, वन तथा पर्यावरण मन्त्रालयः बज्रमादी जलविद्युत आयोजना निर्माणका लागि कास्की जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको कूल ६.८४ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

५. कृषि, वन तथा पर्यावरण मन्त्रालयः भिजन टेस्ला पावर प्रा.लि.बाट प्रस्तावित इन्दुवाखोला अर्धजलाशययुक्त जलविद्युत आयोजना निर्माणको लागि संखुवासभा जिल्लामा रहेको राष्ट्रिय वनको ४.७७५५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

६. कृषि, वन तथा पर्यावरण मन्त्रालयः तमोर खोला-५ जलविद्युत आयोजना निर्माणका लागि कञ्चनजंघा संरक्षण क्षेत्र अन्तर्गतको फक्ताङलुङ गाउँपालिमा रहेको राष्ट्रिय वन क्षेत्रको कूल ४.२३ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

७. गृह मन्त्रालयः सशस्त्र प्रहरी नायब महानिरीक्षक श्री अञ्जनी कुमार पोखरेललाई सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने।

८. गृह मन्त्रालयः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि गृह मन्त्रालयका सचिवको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गर्ने।

९. गृह मन्त्रालयः सार्वजनिक हितको लागि आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१०. गृह मन्त्रालयः संवत् २०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकारसमक्ष पेश गरेको प्रतिवेदन तत्काल कार्यान्वयन गर्नका लागि उल्लिखित आयोगले सिफारिस गरेका व्यक्तिहरू र निकायमध्ये सुरक्षा संयन्त्रको हकमा प्रतिवेदन अध्ययन गरी सिफारिस गर्न गठित अध्ययन समितिको कार्यावधि पैतालिस दिन थप गर्ने तथा कार्यक्षेत्र संशोधन गर्ने।

११. परराष्ट्र मन्त्रालयः नेपाल र इजिप्टका कूटनीतिक, अफिसियल र सर्भिस राहदानीबाहकहरूलाई एक अर्का मुलुकमा भ्रमण गर्दा प्रवेशाज्ञा लिन नपर्नेसम्बन्धी सम्झौता स्वीकृत गर्ने तथा हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने।

१२. परराष्ट्र मन्त्रालयः नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र इजिप्टको Institute for Diplomatic Studies बिच हस्ताक्षर हुने शैक्षिक, प्राज्ञिक तथा कूटनीतिक अध्ययन, अनुसन्धान एवं तालिम आदान-प्रदानसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने।

१३. परराष्ट्र मन्त्रालयः माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनाललाई २०८३ जेठ २२ देखि २४ गतेसम्म भारत भ्रमणको लागि स्वीकृति प्रदान गर्ने।

१४. पूर्वाधार विकास मन्त्रालयः नगर विकास कोषको कार्यकारी निर्देशक पदमा कोषका उप-प्रबन्धक (प्रा.) राजेश कुमार भोछिभोयालाई बढीमा तीन महिनाको लागि तोक्ने।

१५. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने।

१६. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः भूमि समस्या समाधान समितिको अध्यक्षमा श्री बलभद्र बास्तोला, कास्की तथा सदस्यमा श्री अमिर प्रसाद न्यौपाने, काठमाडौं; श्री पद्मनिधि सोती, लमजुङ र डा. रेहना श्रेष्ठ, काठमाडौंलाई नियुक्त गर्ने।

१७. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश पोखराको भवन निर्माणका लागि पोखरा उपत्यका नगर विकास समितिका नाममा रहेको पोखरा उपमहानगरपालिका वडा नं. ७ मा पर्ने ३-१२-०-३ रोपनी सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।

१८. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मालपोत (नवौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी हरिश बहादुर बमलाई सोही सेवाको सहायक रथी दर्जामा बढुवा गर्ने।

२०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका चार जना सहायक रथीहरूको सरुवा गर्ने।

२१. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, सूचना प्रविधि उपसमूहका सहायक रथी अच्युत प्रसाद अधिकारीको पदावधि थप गर्ने।

२२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका महासेनानी डा.नबिन भक्त शाक्यलाई सोही सेवा,समूह तथा उपसमूहको सहायक रथी दर्जामा बढुवा गर्ने।

२३. रक्षा मन्त्रालयः २०८३ आसार २८ देखि साउन १ गतेसम्म सचिव श्री केदारनाथ शर्मालाई अमेरिकामा आयोजना हुने Transnational Security Cooperation (TSC) Workshop मा सहभागी हुन स्वीकृति दिने।

२४. शिक्षा तथा खेलकुद मन्त्रालयः राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि भएको छनोट प्रक्रिया रद्द गरी नयाँ छनोट प्रक्रिया अघि बढाउन स्वीकृति प्रदान गर्ने।

२५. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ स्वीकृत भई मन्त्रालयहरूको सङ्ख्या र नाम हेरफेर भएकोले स्वीकृत कार्यविभाजन नियमावली अनुरूपका मन्त्रालयहरूमा सम्बन्धित मन्त्रालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा यकिन गर्ने गरी हाललाई निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरूको दरबन्दी स्वीकृत गर्ने।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

२६. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ स्वीकृत भई मन्त्रालयहरूको सङ्ख्या र नाम हेरफेर भएकोले निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका २३ जना अधिकृतहरूको सरुवा/पदस्थापन तथा दरबन्दी मिलान गर्ने।

**म.प.बै.सं. १४/०८३**

**संवत् २०८३ साल जेठ २६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः साझा स्वास्थ्य सेवालाई निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोवार गर्ने सार्वजनिक निकायका रूपमा समावेश गर्ने गरी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची- ५क. मा हेरफेर गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको सिफारिसका लागि लगानी बोर्डको उपाध्यक्षको संयोजकत्वमा गठन हुने सिफारिस समितिमा विषय विज्ञ तोक्ने।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरण दैलेख वितरण केन्द्रका लागि भवन निर्माण गर्न नारायण नगरपालिकामा करिब ९०० वर्ग मिटर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

४. कृषि, वन तथा पर्यावरण मन्त्रालयः लोवर न्यादी खोला जलविधुत आयोजना निर्माणका लागि लमजुङ जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल २.९५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

५. कृषि, वन तथा पर्यावरण मन्त्रालयः घुन्सा खोला जलविद्युत आयोजना निर्माणका लागि ताप्लेजुङ जिल्लामा रहेको कञ्चनजंघा संरक्षणक्षेत्र अन्तर्गतको राष्ट्रिय वन क्षेत्रको जम्मा २१.५१९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

६. कृषि, वन तथा पर्यावरण मन्त्रालयः तादी खोला जलविद्युत आयोजना निर्माणका लागि नुवाकोट जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल १.८१३७४ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

७. कृषि, वन तथा पर्यावरण मन्त्रालयः तल्लो अरुण जलविद्युत आयोजना निर्माणको लागि संखुवासभा जिल्लामा रहेको राष्ट्रिय वनको ७०.४४०७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

८. गृह मन्त्रालयः कारागार नियमावली, २०८३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

९. परराष्ट्र मन्त्रालयः माननीय परराष्ट्रमन्त्री श्री शिशिर खनालको नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई २०८३ जेठ ३१ देखि असार ३ गतेसम्म जनवादी गणतन्त्र चीनको भ्रमण गर्न स्वीकृति दिने।

१०. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामती सेवा (सोह्रौं संशोधन) नियमावली, २०८३ मा स्वीकृत गर्ने।

११. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ स्वीकृत गर्ने।

१२. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः जग्गा (नाप जाँच) (दोस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

१३. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयः नेपाल रेडक्रस सोसाइटीको तदर्थ समिति विघटन गरी श्री विशाल कुमार भण्डारी, दोलखाको अध्यक्षतामा नौ सदस्यीय तदर्थ समिति गठन गर्ने गरी बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने।

१४. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयः २०८३ असार ९ र १० मा श्रीलंकामा आयोजना हुने Elevating the Ending Violence Against Children (EVAC) Agenda in South Asia विषयक मन्त्रीस्तरीय सम्मेलनमा सहभागी हुन सचिव श्री राधिका अर्याललाई स्वीकृति प्रदान गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका छ जना सहायक रथीहरूको सरुवा गर्ने।



नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

१६. रक्षा मन्त्रालयः २०८३ जेठ २४ देखि २८ गतेसम्म मित्रराष्ट्र भारतमा सञ्चालन हुने Pre Delivery Inspection (PDI) मा सहभागी हुन उपरथी प्रकाश राज थापालाई स्वीकृति दिने।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गर्ने।

१८. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयः मानव शरीर जलन नियन्त्रण तथा सजाय सम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने।

१९. पूर्व गृह मन्त्री एवं प्रतिनिधिसभा सदस्य माननीय सुधन गुरुङको सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित समितिले पेश गरेको प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषद्ले ग्रहण गर्ने।

**म.प.बै.सं. १५/०८३**

## संवत् २०८३ साल जेठ २९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन, २०५२ मा उल्लिखित सुझावहरू कार्यान्वयनमा लैजान भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदल, २०८२ को म्याद २०८३ असार मसान्तसम्म थप गर्ने।

३. अर्थ मन्त्रालयः श्री रमेश कुमार धिताल, सिन्धुपाल्चोकलाई लेखामान बोर्डको अध्यक्ष पदमा मनोनयन गर्ने।

४. अर्थ मन्त्रालयः SASEC मुलुकहरूबिच निकासी हुने वस्तुको भन्सारमा पूर्व जानकारी प्राप्त गर्ने सम्बन्धी Memorandum of Intent (MoI) स्वीकृत गर्ने।

५. अर्थ मन्त्रालयः नेपाल सरकार र भारत सरकारबिच भएको उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजनासम्बन्धी सम्झौताको आयोजना कार्यान्वयन ढाँचाको संशोधन स्वीकृत गर्ने।

६. कृषि, वन तथा पर्यावरण मन्त्रालयः मध्य भोटेकोशी जलविद्युत आयोजनालाई राष्ट्रिय वनको जग्गा सट्टाभर्ना उपलब्ध गराउने प्रयोजनार्थ छ महिना म्यादथप गर्न स्वीकृति दिने।

७. कृषि, वन तथा पर्यावरण मन्त्रालयः २०८३ असार १५ देखि १९ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने High-Level Segment of the Seventh Global Conference on Strengthening Synergies between the Paris Agreement and the 2030 Agenda for Sustainable Development र Ninth session of the Committee on Environment and Development, at the ministerial level कार्यक्रममा सहभागी हुन माननीय कृषि, वन तथा पर्यावरण मन्त्री श्री गिता चौधरीलाई स्वीकृति प्रदान गर्ने।

८. गृह मन्त्रालयः राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली (NIDMIS) को मुख्य उपप्रणालीको रूपमा रहेको ABIS को License पूर्ववत् खरिद सम्झौताको कायम दरमा वृद्धि नहुने गरी वार्ता गरी हाल सेवा दिइरहेको कम्पनीबाट खरिद गर्न राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभागलाइ स्वीकृति दिने। बढीमा तीन महिना भित्र Government to Government का माध्यमबाट उपरोक्त सेवाको खरिद कार्य राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले सम्पन्न गर्ने।

९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी उमेश कार्कीलाई अवकाशपूर्व सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने।

१०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी भुवनपूर्ण सत्याललाई सोही सेवाको उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी रोशन शम्सेर ज.ब.रा.लाई अवकाशपूर्व उपरथी दर्जामा मानार्थ बढुवा गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।